# छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा
१ नं. प्रदेश, नेपाल


प.सं. : ०७५।०७६
च.नं. : १३६६

### सुपरिवेक्षक तथा गणक आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०७६।०३।०३

नेपाल सरकार भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको **गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरणण कार्यक्रम** अन्तर्गत यस गाउँपालिकाको कार्यालयका लागि देहाय वमोजिमको पद आवश्यक मई करार सेवाबाट काम लिनु पर्ने भएको हुँदा इच्छुक उम्मेदवारहरूलाई यो **सूचना पेकाशन भएको मितिले ७ दिन** भित्र यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन दरखास्त आह्वान गरिएको व्यहोरा सुचित गरिन्छ ।

१. क) **पदः** सुपरिवेक्षक
   माग संख्या-१
   ख) **पदः** गणक
   माग संख्या-४

२. **सुपरिवेक्षकको लागि आवश्यक शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयमा कम्तिमा स्तानक वा सो सरह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

३. **गणकको लागि आवश्यक शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयमा कम्तिमा प्रमाणपत्र वा सो सरह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

४. **तालिम तथा अनुभवः** सम्बन्धित क्षेत्रमा अनुमवी, तालिम प्राप्त र यस छथर जोरपाटी गाउँपालिका मा स्थायी वसोबास गर्ने उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

५. **संलग्न गर्ने पर्ने आवश्यक कागजातहरूः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र कम्प्युटर ज्ञान सम्बन्धी प्रमाण पत्र ।

६. **परीक्षाको किसिमः** अन्तरवार्ता र कम्प्युटरको प्रयोगात्मक परीक्षा ।

७ **आवेदन दिने तरिकाः** माथि उल्लेखित आवश्यक कागजातहरूको प्रतिलिपि सहित निवेदन ।

८. **आवेदन दिने अन्तिम मितिः** यस सूचना प्रकाशन भएको मितिले सातौं दिन (मितिः २०७६।३।९) भित्र कार्यालय समयमा ।

९. **आवेदकको उमेरको हदः** आवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।

१०. **पारिश्रमिक तथा सेवा सुविधाः** सुपरिवेक्षकका लागि रा.प.अनंकित प्रथम श्रेणी सरह र गणकको लागी रा.प.अनंकित द्वितीय श्रेणी सरह उपलब्ध गराइने ।

११. **करार अवधिः** नियुक्ति भएको मितिले बढीमा पाँच महिना सम्म ।

१२. **परीक्षा मितिः** आवेदन दिने अन्तिम दिन तोकिने ।

१३. **परीक्षा दस्तुरः** सुपरीवेक्षकका लागि ४००/- र गणकका लागि ३००/-

प्रमुख प्रशासकीय अधिकृत